"

"आठबीस नगरको समुन्नतीका आधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार"

# आठबीस नगरपालिका, दैलेख

## सत्रौ नगर सभामा प्रस्तुत

# नीति तथा कार्यक्रम

## २०८२/०३/१०

नगरसभाका अध्यक्षज्यू,
नगर सभाका सदस्यज्यूहरु
विभन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्युहरु
नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू,
नगरपालिकाका कर्मचारी एवं उपस्थित सम्पूर्ण महानुभावहरु

यस आठबीस नगरपालिकाको १७ औं नगरसभामा आफ्नो ब्यस्तताका बावजुत अमुल्य समय प्रदान गर्दै हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने अतिथि लगायत सम्पूर्ण महनुभावहरुमा म सर्वप्रथम आठवीस नगरपालिका तथा मेरो ब्यक्तिगत तर्फबाट हार्दिक स्वागत एंव कृतज्ञता ब्यक्त गर्दछु ।

आज हामी यस ऐतिहासिक आठवीस नगरपालिकाको सुनौलो भविष्य सहितको १७ औं आठबीस नगर सभाको उद्घाटन गर्न गइरहेका छौ । आठबीस नगरपालिकाको यस गरिमामय सभामा बार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा म अत्यन्तै खुसि भएको छु । यस ऐतिहासिक क्षणमा प्रजातन्त्र प्राप्ति, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको क्रममा आफ्नो अमुल्य जीवनको आहुति दिनु हुने ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

***आदरणीय नगरसभाका सभाध्यक्षज्यू एंव उपस्थित महानुभावहरु***

"आठवीस नगरको समुन्नतिका आधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार" भन्ने मुल मर्मलाई आत्मसाथ गर्दै अगाडी बढिरहेका छौ । नगरपालिकाको सर्वाङ्गिण विकासका लागि आवश्यक पर्ने नीति नियम तथा कार्यविधीहरु निर्माण गर्दै कार्यन्वयन गरिरेहका छौ । नगरपालिकालाई सुबिधा सम्पन्न, व्यवस्थित, समुन्नत र सुन्दर रुपमा बिकास गर्न र सोही अनुसार आवश्यक पूर्वाधार तयार गरी नगरको बिकास गर्ने चुनौती हाम्रो बीच रहेको छ । सबैको सहयोग र समन्वयबाट मात्र हामीले परिकल्पना गरेको जस्तो नगरको रुपमा यसलाई विकास गर्नका लागी सबैलाई जानकारी एंव ध्यानाकर्षणका लागी आठवीस नगरपालिकाको विद्यमान अवस्थाको सम्बन्धमा प्रस्तुत गर्न चाहन्छु।

आठवीस नगरवासी दिदिबहिनि तथा दाजुभाईहरु यहाँहरुको चाहना आकांक्षा वास्तविक आवश्यकतालाई सम्बोधन गर्न हामीलाई उपलब्ध श्रोत र साधनको अधिकतम उपयोग गर्दै यस क्षेत्रको सर्वाङ्गीण विकासमा नगरपालिका सदा प्रतिबद्ध रहेको छ । यस अभियानमा विकासका आवश्यकता पूर्ति गर्न हामिले संघीय सरकार, प्रदेश सरकार, नीजि क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, गैरसरकारी संघसंस्था तथा अन्य निकाय सँग आवश्यक सहकार्य सह-लगानी र सहकारीको मुल्य मान्यतालाई आत्मसाथ गर्दै अगाडी बढीरहेका छौ।

***सवल पक्षहरु***

आठबीस नगरपालिका दैलेखको हिमाली क्षेत्र देखी तराई सम्मको हावापनी उपलब्ध रहेको नगरपालिका हो । नगरपालिकामा थुप्रै खेतियोग्य भूमी रहेको छ । यस नगरपालिका भएर बगिरहेको कर्णाली नदी रारातालको प्रबेश मार्ग र पर्यटनको दृष्टिले उच्च सम्भावन हुनको साथै यस आठबीस नगरपालिकाको पहलमा कर्णाली जलयात्रा (रयाफ्टिङ्ग) संचालनमा आएको छ। यस अनुकुल हावापानी जैबिक विबिधता र हरियाली समेतलाई यस नगरपालिकाको सवल पक्षका रुपमा लिन सकिन्छ । नेपाल सरकारले कार्यान्वयनमा ल्याएको मध्यपहाडी पुष्पलाल लोकमार्ग अन्तर्गत पर्ने नयाँ शहर आयोजना समेत यस नगरपालिका क्षेत्रमा रहेकोले यस लाई सवल पक्षको रुपमा लिइएको छ । साथै आठबीस नगरपालिका क्षेत्र भित्रका र अन्य छिमेकी जिल्लाका नागरिकहरुलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि नगरपालिकाको समन्वय र पहलमा आठबीस नगरपालिका वडा ३ कुमालखाडामा सुविधासम्पन्न १०० शैयाको अस्पताल निर्माणधिन अवस्थामा रहेकोले हामिले यसलाई सवल पक्षका रुपमा लिएका छौ ।

*सुधार गर्नुपर्ने पक्ष*

- विस्तारित शहरी क्षेत्रको गुरुयोजना निर्माण,
- ढलनिकास, अब्यवस्थित शहरीकरण,
- फोहोरमैला व्यवस्थापन
- बिधुतको पहुँचको अभाव,
- अव्यवस्थित सडकको व्यवस्थापन,
- नगरपालिका भित्रका वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा यस अघि ट्र्याक खोलिएका सडकहरुको स्तरोन्नती गर्ने
- रोजगारी सृजना गरी गरिवी न्युनिकरण
- कृषि तथा पशुजन्य बस्तुको उत्पादन बृद्धि र बजारीकरण र रोजगारी सृजनालाई नगरपालिकाले सुधार गर्नुपर्ने पक्षको रुपमा लिएकोछ।
- नगरपालिकाको क्षेत्रफल, सिमा नक्साङ्कन गर्ने ।

***अवसर***

यस आठबीस नगरपालिका क्षेत्र भएर बगिरहेको, कर्णाली नदि लगायत यस नगरपालिकाका खोला बगरहरुमा पाइने नदिजन्य पदार्थ(ढुँङ्गा, गिट्टी तथा वालुवा), कर्णाली राजमार्ग, नयाँ शहर आयोजना, पहाड र तराई मिश्रीत भुभाग, मध्यपहाडी पुष्पलाल लोकमार्ग, समतल जिउलाका फाँटहरु, घनाबनजंगल एव हरियाली क्षेत्र, जैविक बिबिधता, धार्मिक तथा पुरातात्विक सम्पदा, स्थानीय जातजातिको लोककला सस्कृती र मानव श्रोतलाई यस नगरपालिकाको अवसरका रुपमा लिन सकिन्छ ।

***समस्या र चुनौतीहरु***

सवल पक्ष र सुधार गर्नु पर्ने धेरै पक्षहरु संगै हामीले सामना गर्नु पर्ने थुप्रै चुनौतिहरुको बारेमा उल्लेख गर्न चाहन्छु।

१. स्थानीय उत्पादनको बजारीकरण

२.सिमित स्रोत साधनमा विकासका पूर्वाधारहरु विस्तार गर्नु ।

३.अब्यबस्थित बसोवास,

४. अब्यबस्थित ढल निकास।

५. उत्पादन बृद्धि गर्नु र रोजगारी सृजना गराउनु

६. समाजमा ब्याप्त सामाजिक कुरितिहरु जातिय विभेद, छाउपडी, लैङ्गिक हिंसा र वालविबाह अन्त्य गर्नु।

७. फोहोरको उचित व्यवस्थापन गर्न ।

८. विपद् व्यवस्थापन गर्नु

९. भौगोलिक विकटता

१०. नगरपालिकाको कार्यचाप बृद्धि भए संगै आवश्यक मानबपुँजि व्यवस्थापन गर्नु।

**आदरणीय सभाध्यक्ष एंव सभा सदस्यज्यूहरु**

नेपालको संविधानले दिएको अधिकार अनुसार जनताको सबै भन्दा नजिकको सरकारको हैसियतले जनताका असिमित आवश्यकता र आकांक्षाहरुलाइ सम्वोधन गरी अघि बढ्नु पर्ने हुन्छ । अर्को तर्फ हामी संग सिमित श्रोत र साधनहरु उपलब्ध रहेका छन् ।

हाम्रो नगरपालिकामा शिक्षा, कृषि, पर्यटन, पशुपालन, उद्योग र व्यापारको प्रचुर सम्भावना रहेको भएता पनि यसको समुचित +

उपयोग गरी नगरपालिकालाई समृद्ध नगरपालिका बनाउने सन्दर्भमा हामीले सोचे जस्तो उपलब्धी हासिल गर्न सकिरहेका छैनौ । नगरबासीहरुले अझै पनी नगरपालिकाको पूर्ण अनुभुति गर्न नसकिरहेको अवस्थामा नगर कार्यपालिकाको सिंगो टिम यसलाइ सम्वोधन गर्न निरन्तर लागि परेको छ ।

**आदरणीय सभाध्यक्ष महोदय**

**अव म आठवीस नगरपालिकाबाट आर्थिक वर्ष २०८१/०८२ मा भए गरेका कार्यहरुको समिक्षा प्रस्तुत गर्दछु**

१. आवश्यक नीतिगत र सस्थागत क्षमताको बिकास गर्दै जनताको आधारभूत आवश्यकताहरु परिपूर्ती गर्न र नगरको बिकास कार्यमा आठवीस नगरपालिका सदैव लागिरहेको छ ।

२. आठवीस नगरपालिका अन्तर्गत चालु आर्थिक वर्षका लागि प्रस्तावित आन्तरिक आय अन्तर्गत रु ४९ लाख ९१ हजार प्रक्षेपण गरिएकोमा चालु आवको जेठ मसान्त सम्ममा आन्तरीक आय तर्फ रु २७ लाख ११ हजार ५ सय तेर्ह रुपैया मात्र असुली भएको छ ।

३. चालु तर्फ विनियोजन गरिएको रु. ४४ करोड ४८ लाख ६७ हजार मध्ये चालु आर्थिक वर्षको जेठ मसान्त सम्म रु. २९ करोड ३२ लाख ९२ हजार अर्थात ६६ प्रतिशत खर्च भएको देखिन्छ । भने पूजिगत तर्फ बिनियोजित रु १३ करोड ६० लाख ३० हजार मध्ये जेठ मसान्त सम्म रु. ६ करोड ११ लाख ७८ हजार अर्थात ४४ प्रतिशत खर्च भएको छ । आ.व. को अन्त्य सम्ममा ८५ प्रतिशत भन्दा बढी वित्तिय प्रगति तथा ७० प्रतिशत बढी भौतिक प्रगति हुने अनुमान गरिएको छ ।

४. नगरपालिकाबाट उपलब्ध हुने सेवाहरु छिटो छरितो र प्रभावकारी बनाउन नगरपालिकाको आफ्नै प्रशासकीय भवन ४ तला ढलान भैससेकेको छ ।

५. । साथै आठबीस नगरपालिकामा निर्माण सम्पन्न भैसकेको १५ शैया आधारभुत अस्पताललाई नेपाल सरकारको निर्णय अनुसार स्याटेलाइट अस्पतालको रुपमा घोषणा गरेकोले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाले अस्पतालबाट तत्काल सेवा सुविधा प्रदान गर्ने ।

**आदरणीय सभाध्यक्षज्यू एंव उपस्थित महानुभावहरु**

अव म आगामी आ.व. २०८२।०८३ का लागि आठबीस नगर कार्यपालिकाद्वारा नगर सभामा स्वीकृतका लागि पेश गरेको निति कार्यक्रम तथा बजेट प्रस्तुत गर्दछु ।

"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार, आठबीस नगरको समुन्तिका आधार" भन्ने नारालाई आत्मसाथ गर्दै आठबीस नगर लाई सम्बृद्ध र सम्पन्न नगरपालिकाको रुपमा निर्माण गर्ने लक्ष्य लिइएको छ ।

**आदरणीय सभाध्यक्षज्यु**

यस गरिमामय सभा समक्ष आगामी आ व २०८२।०८३ मा संचालन गरिने कार्यक्रमहरुको तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख आधारहरुलाइ यहाँ प्रस्तुत गर्दछु ।

१. नेपालको संविधान र मौजुदा कानुनहरु, नेपालको पन्धौं योजना, दिगो विकासका लक्ष्यहरुलाई आधार मान्दै यस नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमाका लागि विभिन्न विधि अवलम्बन गरिएको छ ।

२. प्रत्येक वडाका लागि वडास्तरमा संचालन गर्न सकिने योजना तर्जुमा गरी पठाउन वडालाई बजेट सिमा तथा मार्गदर्शन प्रदान गरिएको छ ।

३. वडा समिति लगायत विभिन्न सरोकारवाला व्यक्ति तथा निकायसँग नगरपालिकाले अवलम्बन गरेको नीति तथा कार्यक्रमको बारेमा सुझाव लिएको छ ।

**बजेटका उद्देश्यहरुः**

**आदरणिय सभाध्यक्षज्युएंव उपस्थित महानुभावहरु**

आर्थिक वर्ष २०८२।०८३ का बजेटका उद्देश्यहरु यस प्रकार उल्लेख गरेको छु ।

१ नगरको शैक्षिक गुणस्तरमा बृद्धि गर्ने ।

२ आधारभूत स्वास्थ्य सेवाको गुणस्तरमा बृद्धि र सुलभता ल्याउने ।

३ पुर्वाधारहरुको विकास र विस्तारबाट जनताको जिवनयापनमा सहजता ल्याउने ।

४ स्वच्छ खानेपानी र सरसफाईको पहुँचमा बृद्धि गर्ने ।

५ कृषि तथा पुशपालन पेशालाई व्यवसायिक रोजगारमुलक बनाउने
।

६ विपद्जन्य जोखिम न्युनिकरणका लागि योजनाबद्ध रुपमा अगाडी बढ्ने ।

७ उद्यम व्यवसाय विकासमा विपन्न, दलित, महिला, एच आई भि भएका, जेष्ठ नागरिक, बादी समुदायका व्यक्ति र फरक क्षमता भएका व्यक्तिहरुको अर्थपुर्ण सहभागितामा बृद्धि गरी उहाँहरुको शिक्षा, स्वास्थ्य, रोजगारी, खेलकुद, पुनस्थापना, सहायक सामाग्री तथा न्यायमा पहुँच हुने गरी कार्यक्रमहरु संचालन गर्ने ।

८ नगरपालिका र वडाबाट प्रदान गरिने सेवाहरुलाई छिटो छरितो वनाउन प्रविधिमैत्री बनाउने ।

उपरोक्त नगरपालिकाको सोच लक्ष्य उद्देश्यलाई आत्मसात गर्दै आठबीस नगरपालिकाको दिर्घकालिन सोचको वास्तविक धरातलमा पुग्नका लागि निम्नानुसारको क्षेत्रगत नीतिहरु अवलम्बन गरिएको छ ।

**आदरणीय सभाध्यक्षज्यु एंव उपस्थित महानुभावहरु**

अव म आगामी आर्थिक वर्षका क्षेत्रगत नीति तथा आधारहरु प्रस्तुत गर्दछु ।

## १ राजस्व परिचालन नीति

१.१ करका क्षेत्रहरुको पहिचान गरी करको दायरालाई दिगो र फराकिलो वनाउने नीति लाई निरन्तरता दिइनेछ ।

१.२ नगरपालिकाको स्वामित्वमा रहेका सम्पतिहरु तथा अन्य सार्वजनिक सम्पतिहरुको उचित संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१.३ पेश्की तथा बेरुजुहरु फछ्यौट गर्ने कार्यलाई प्रभाकारी बनाइनेछ ।

१.४ आन्तरीक आय सवल बनाउन राजस्वमा सुधार गरी सहज, सरल र दायरा फराकिलो बनाइ सर्वसुलभ बनाइनेछ ।

१.५ आन्तरिक आय वृद्धि गर्नका लागी राजस्व/करका विभिन्न क्षेत्रहरुको पहिचान गरिनेछ ।

१.६ घर बहाल कर लागु गरिनेछ ।

१.७ नगरक्षेत्र भित्र अव्यवस्थित रुपमा संचालनमा रहेका अस्थायी क्रसर उद्योगहरुलाई अनिवार्य नविकरण गर्ने र समयसिमा भित्र नविकरण नगर्ने क्रसर उद्योगलाई खारेज गर्ने गरिनेछ ।

## २. रोजगार नीति

२.१ रोजगारीका अन्य सम्भावित क्षेत्रहरुको पहिचान गरी कार्यन्वयनमा ल्याइनेछ ।

२.२ प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रमको योजनामा आवश्यकता अनुसार नगरपालिकाबाट लागत साझेदारी गरिनेछ ।

२.३ सीप विकास तालिम, उद्यम विकास तालिम र रोजगारी सूचना कार्यक्रमलाई प्राथमिकता दिने।

२.४ महिला, दलित, जनजाति, अपांगता भएका व्यक्तिहरूलाई रोजगारीमा पहुँच सुनिश्चित गर्ने।

## ३. कृषि तथा पशु विकास

३.१ कृषि तथा पशुपालनको सम्भाव्यताका आधारमा एक वडा एक उत्पादन पहिचान कार्यक्रम संचालन गरिनेछ ।

३.२ आठबीस नगरपालिका केन्द्र राकमकर्णालीमा कृषि संकलन केन्द्रसहित चिस्यान केन्द्रको स्थापनको लागि संघीय सरकार र प्रदेश सरकार सँग आवश्यक पहल गरिनेछ ।

३.३ स्थानीय प्रजातिका धान, मकै, कोदो लगायतका अन्नहरुको सरक्षण तथा प्रवद्धन गरिनेछ । त्यस्ता वालीहरुको बजारीकरण समेतको ब्यबस्था मिलाइनेछ ।

३.४ कृषि तथा पशु जन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रणका लागी आवश्यक पहल गरी नियन्त्रण गरिनेछ ।

३.५ आठबीस नगरपालिका क्षेत्रमा आप, सुन्तला तथा कागति क्षेत्रको पकेट विकास कार्यक्रम थप विस्तार गर्दै लगिनेछ ।

३.६ माटोको उत्पादकत्व गुणस्तर र व्यवस्था पत्ता लगाउन माटो परिक्षण शिविर संचालन गरिनेछ ।

३.७ कृषि तथा पशु विकास सम्बन्धी कार्यक्रमहरु संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाको समन्वय, सहकार्य र साझेदारीमा आवश्यकता अनुसार कार्यन्वयन गरिनेछ ।

३.८ कृषि उत्पादनलाइ मानव स्वास्थ्य प्रतिकुल नहुने गरि उत्पादन गर्न विषादीको प्रयोग घटाउनुको साथै विषादी प्रयोग गर्ने तरिकाको बारेमा व्यापक जनचेतना विकास गरिनेछ ।

३.९ बालि लगाउनुपुर्व कृषक समूहहरुलाई विज्ञको रायशुझाव अनुसार बालि लगाउने व्यवस्था गरिनेछ ।

३.१० कृषकको घरघरमा प्राविधिक सेवा ,उत्पादनमा टेवा भन्ने नाराका साथ सबै वडाहरुमा कृषि र पशु प्राविधिकको पहुच पुर्याउनुको लागि एक सेवा केन्द्रले कम्तिमा दुई वटा वडा हेर्ने गरि कृषि तथा पशु सेवा केन्द्रको स्थापनाको लागि पहल गरिनेछ ।

३.११ कृषि लगायत स्थानीय उत्पादनलाइ प्रवर्दन गर्नको लागि आठबीस नगरमा हाटबजार संचालन गर्न अध्यन गरिनेछ ।

३.१२ सहकारी खेती तथा सामुहिक खेती एवं सहकारी पशुपालनलाइ प्रोत्साहान गर्न अनुदानमा आधारित पुरस्कारको व्यवस्था गरिनेछ ।

३.१३ कृषि तथा पशुपन्छी सम्बन्धी विभिन्न दिबसिय कार्यक्रममा सचेतना, खोप र अभिमुखिकरण कार्यक्रम गरिनेछ।

३.१४ आठबीस नगरपालिका भित्र दुग्ध व्यवसाय प्रवर्द्दन,प्रशोधन तथा बजारीकरण गर्ने उदेश्यले आठबीस नगरपालिकाको दुध उत्पादन भैराखेको वडाहरुमा साना दुग्ध संकलन केन्द्र र यस पालिकाको राकम बजारमा दुग्ध वितरण केन्द्र(डेरी) संचालान गरिनेछ ।

३.१५ पशु उत्पादनमा वृद्धि र गुणस्तरीयता कायम गर्न पशु पोषण आहारका लागि खनिज ,भिटामिन र घासको बीउ वा बिरुवा बितरण गरिनेछ।

३.१६ नगरप्रमुख उत्कृष्ठ कृषक प्रोत्साहान कार्यक्रमको लागि आवश्यक कार्यविधि बनाइ लागु गरिनेछ ।

३.१७ पशुपन्छिमा देखिने बिभिन्न आकस्मिक तथा महामारी रोगहरुको पहिचान,रोकथाम तथा नियन्त्रणको लागि पालिकास्तरमा "आधारभुत पशुपन्छी प्रयोगशाला स्थापना गरिनेछ ।

३.१८ आठबिस नगरपालिकाले समावेशी, दिगो र उद्यमशील विकासको दृष्टिकोणअनुसार, माछा, बंगुर, कुखुरा, तरकारी लगायतको मिश्रित कृषि प्रणालीको साथै साना ग्रामीण उद्योग सञ्चालन गर्दै आएका किसानहरूलाई एकीकृत फार्म रूपान्तरणका लागि एकीकृत नमुना फार्म प्रवर्धन कार्यक्रम मार्फत प्रस्तावित योजना अनुरूप अनुदान सहयोग गरिनेछ।

३.१९ आठबीस नगरपालिका भित्रका बेरोजगार युवालाइ नगर प्रमुख कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्दन कार्यक्रम मार्फत प्रस्तावित योजना अनुरुप अनुदान सहयोग गरिनेछ ।

३.२०महामारिबाट कृषक हरुमा आउने आर्थिक क्षतिलाइ न्युनिकरण गर्न पशु बिमामा पहुँच पुर्याउनका लागि सचेतना अभिबृद्दी गराइनेछ।

३.२१ आठवीस नगरपालिका अन्तरगत एक वडा एक बगैचा पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम संचालन गरिनेछ ।

**<u>४.उद्योग तथा उद्यमशिलता नीति</u>**

४.१ स्थानीय श्रोत र साधनको उपयोग गरी कृषि तथा गैर कृषि उत्पादन, प्रशोधन र रोजगारी सृजना र स्थानीय समृद्धिको आधारमा लघु तथा घरेलु उद्यमलाइ अभियानको रुपमा संचालन गरिनेछ ।

४.२ महिलाहरुमा रहेको सिप क्षमता बिकास गर्न महिला उद्यमशिलता कार्यक्रमलाई अझ फराकिलो बनाइदै लिइनेछ ।

४.३ नगरपालिकाभित्र संचालन भएका पसल व्यवसायहरुको नगरपालिका र नगर उद्योग वाणिज्य संघ सँगको सहकार्यमा अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

४.४ राज्यको पहुच नपुगेको बस्ति ,बेरोजगार युवा,महिला, पुरुष ,दलित ,जनजाती,अन्य,यच.आई. भि पोजेटिभ ,अपांगता भएका व्यक्तीहरु,र न्युन आय स्तर भएका बर्गहरुलाई स्थानिय स्तरमा प्राप्त स्रोत,साधनको अत्याधिक उपयोग गरी जिविकोपार्जनमा सहज वनाई एक सफल उद्यमी सिर्जना गर्ने ।

४.५ बैदेशिक रोजगार मा जाने वा जान चाहने युवाहरुलाई व्यवसायीक परामर्श प्रदान गरी रोजगारीमा संलग्न गरी विदेश जाने संख्या कम गर्ने ।

४.६ भैरहेका लघु उद्यमीहरुको व्यवसाय विस्तारका लागी थप तालीम ,प्रविधि, परामर्श ,लघु वित्तमा पहुँच,व्यवसाय योजना निर्माण र सफल उद्यमी लाई पुरस्कारको व्यवस्था गरी थप हौसला प्रदान गर्ने ।

४.७ उत्पादीत बस्तु उत्पादन गरी स्थानिय बजार देखी बाह्य बजार सम्म बिक्री गरी आर्थिक अवस्थामा सुधार गर्ने ।

४.८ व्यवसाय दर्ता र नविकरण गर्नको लागि शिविर संचालन गरी राजश्व बृद्धिको लागि आवश्यक पहल गरिनेछ ।

**<u>५.पर्यटन प्रर्वद्धन नीति</u>**

५.१ यस आठबीस नगरपालिकामा रहेका पर्यटकिय एंव धार्मिक स्थलहरुको पहिचान गरी मर्मत सम्भार गरिनेछ ।

५.२ पर्यटकको उचित सेवा, सत्कार र सुरक्षा प्रबन्ध सहितको पर्यटकिय आवास व्यवस्था गर्न नीजि क्षेत्रसंगको समन्वयमा होटलहरुको न्यूनतम सेवा र गुणस्तर मापदण्ड निर्धारण गरि अनुगमन र नियमन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।

५.३ कर्णाली राजमार्गलाई आधार बनाई यस नगरपालिकाका सबै वडाहरु समेटी चक्रपथ निर्माण कार्यलाई निरन्तरता दिदै सबै वडाहरुका पर्यटकिय स्थानहरु समेटिने गरि एकिकृत पर्यटन सरकिट निर्माणमा जोड दिइनेछ ।

५.४ कर्णाली नदीमा र्यापटिङ्ग कार्यक्रम संचालन गरिनेछ ।

**<u>६. सहकारी नीति</u>**

६.१ सहकारीको क्षमता र सम्भावना सहित सहकारीको कारोबार हेरी सहकारी संस्थाहरुलाई मर्जरको नीति लिइनेछ । साथै एक सहकारी एक रणनीति मा जोड दिइनेछ ।

६.२ सहकारीको अनुगमन र नियमनलाइ प्रभावकारी बनाइनेछ ।

६.३ सहकारीका शेयर सदस्य र संचालक समितका सदस्यहरु र व्यवस्थापकका लागी आवश्यक पर्ने तालिमहरु संचालन गरिनेछ ।

**<u>७. स्वास्थ्य तर्फ</u>**

७.१ आधारभूत स्वास्थ्य सेवामा सर्वब्यापी पहुँच सुनिन्स्चित गर्दै निःशुल्क, गुणस्तरीय, विश्वसानिय र समतामुलक बनाइनेछ ।

७.२ स्वास्थ्य सस्थालाई चाहिने औषधी तथा औषधी जन्य सामग्रीहरु समयमै माग अनुसार व्यवस्थापन गरिने छ ।

७.३ आगामी आर्थिक वर्ष देखि जेष्ठ नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा संचालन गर्नको लागि टोल स्तरीय स्वास्थ्य सेवा संचालन गर्ने व्यवस्था गरिने छ ।

७.४. गर्भवती तथा सुत्केरी आमालाई उपमेयर पोषण कोसेली कार्यक्रम संचालनमा ल्याइनेछ |

७.५ प्रयोगशाला भएका स्वास्थ्य संस्थाहरुबाट ANC प्याकेज कार्य्रक्रम निसुल्क सेवा प्रदान गरिने व्यवस्था मिलाइनेछ ।

७.६ प्रत्येक वडाका सबै गर्भवती महिलाहरुलाई एम्बुलेन्स सेवा पालिका भित्र निःशुल्क प्रदान गर्ने व्यवस्था गरिनेछ ।

७.७ पिपलकोट, सिहासैन, तिलेपाटा र सिगौडी स्वास्थ्य सस्थामा प्रयोगशाला सेवा बिस्तार गरिनेछ ।

७.८ नगरपालिका भित्र रहेको गरिव, विपन्न र एकल महिलाको पहिचान गरी स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गरिनेछ ।

७.९ नगरपालिकाले तोकेका वडामा प्रदेश सरकार, तथा साझेदार संस्थाहरु साझेदारीमा पाठेघरको मुखको क्यान्सर तथा स्तन क्यान्सर सम्बन्धि बृहत प्रजनन शिविर (VIA—Screening Camp) संचालन गरिनेछ ।

७.१० नगरपालिका र प्रदेश सरकारको सहयोगमा प्रत्येक वडाहरुमा ३० बर्ष माथिका नागरिकहरुलाई नसर्ने रोगको निःशुल्क परिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

७.११ नगरपालिकाको आफ्नै पहलमा विद्यालयहरुमा मुख स्वास्थ्य सम्बन्धि सचेतना सहित स्वास्थ्य सेवा संचालन गरिनेछ ।

७.१२ नगर भित्र रहेका सबै स्वास्थ्य संस्थालाई डिजिटल हेल्थ संचालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

७.१३ नगरपालिका भित्र रहेका विद्यालयहरुमा मासिक रुपमा सम्वन्धित वडाका स्वास्थ्य संस्थाबाट स्वास्थ्यकर्मी परिचालन गरि विद्यालय स्वास्थ्य कार्यक्रमहरु विशेष गरि किशोर किशोरी कार्यक्रम, पोषण कार्यक्रम र अन्य आवश्यक स्वास्थ्य शिक्षा कार्यक्रमहरुको संचालन गरिनेछ । साथै सोको पालिकास्तरमा ६/६ महिनामा समिक्षा गरिनेछ ।

७.१४ संघीय सरकार, कर्णाली प्रदेश सरकार, र नगरपालिकाको समन्वयमा प्रति जैविक प्रतिरोध (AMR), जुनोटिक रोगहरु, किटजन्यरोग आदि सम्बन्धि स्वास्थ्य शिक्षा तथा पैरवी कार्यक्रम साथै एक स्वास्थ्य प्रणालीको कार्यान्वयन गरिने छ । साथै विश्व स्वास्थ्य संगठन, संघीय सरकार, कर्णाली प्रदेश सरकार, र नगरपालिकाको सहकार्यमा लामखुट्टेको सर्वेक्षण, Indoor Residual Spraying (IRS) गर्ने कार्य गरिनेछ ।

७.१५ सबै स्वास्थ्य सस्थाको न्यूनतम सेवा मापदण्ड मुल्यांकन गरी संघीय सरकार, प्रदेश सरकार, नगरपालिका र साझेदार सस्थाहरुको सहयोगमा स्वास्थ्य सस्थाहरुमा आवश्यक पर्ने आधारभूत सामग्रीहरुको व्यवस्था मिलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

७.१६ नगरपालिका भित्र सबै स्वास्थ्य संस्थाहरुमा सामुदायिक मानसिक स्वास्थ्य सेवा संघीय सरकार, कर्णाली प्रदेश सरकार, नगरपालिका र साझेदार संस्थाको सहयोगमा सेवा विस्तार गरिने छ ।

७.१७ बहुक्षेत्रिय पोषण कार्यक्रमलाईलाई थप प्रभावकारी बनाउदै सबै स्वास्थ्य संस्थालाइ पोषणमैत्री स्वास्थ्य सस्था घोषणा गरि गर्दै जाने र प्रत्येक आमा समूहलाई पुनर्गठन गरि आमा समूहको बैठकमा बृदि अनुगमन गर्ने व्यवस्था गरि बालबालिकाहरुमा हुने कुपोषणदर कम गरिनेछ |

७.१८ स्वास्थ्य संस्थामा रहेका टप १० रोगहरु को वर्गीकरण गरि आवश्यक समयानुकुल समुदाय स्तरीय जनचेतना मुलक कार्यक्रम संचालन गर्ने गरि व्यवस्था मिलाइनेछ । जस्तै दम, COPD, निमोनिया) ।

७.१९ सात्तला, राकमकर्णाली र पिपलकोट स्वास्थ्य संस्थाबाट प्रदान गरिदै आएको सुरक्षित गर्भपतन सेवालाई निरन्तरता दिदै बाँकि रहेका स्वास्थ्य संस्थाहरुमा उक्त सेवा विस्तार गर्दै लगिनेछ ।

७.२० समुदायस्तरमा स्वास्थ्य सेवा प्रदान गर्दै आउनु भएका रास्ट्रीय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई सम्मान गर्दै मासिक यातयात खर्च वाफत प्रोत्साहन गर्दै क्षमता अभिबृदीको लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

७.२१ नगरपालिका भित्र रहेको बढ्दो आत्माहत्या न्यूनीकरण गर्न समुदायमा जनचेतना मुलक कार्यक्रम प्रदेश सरकार, नगरपालिका र अन्य साझेदार संस्थाहरु संग समन्वय गरि सचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।

७.२२ प्राकृतिक र मानव सृजित प्रकोप, समुदायमा देखा परिरहेका महामारी जन्य रोगहरु सम्बन्धि सरोकारवालाहरु निकायहरु संगको समन्यवमा (विधुतीय सुरक्षा) सम्बन्धि जनचेतना कार्यक्रम संचालनमा ल्याउने व्यवस्था मिलाउनेछ ।

७.२३ सरोकारवाला सबै निकायको सहयोगमा नगरपालिका भित्र रहेका सबै खानेपानी मुहानको संरक्षण र सबै खानेपानी ट्यांकीहरुमा क्लोरीनेसन गरि नगरवासीलाई शुद्ध खानेपानी खाने व्यवस्था मिलाइनेछ ।

७.२४ नगरपालिकाको स्वास्थ्य प्रोफाइल तयार गरि नसर्ने खालका उच्च रुपमा देखा परेका रोग र सर्ने खालका रोगको पहिचान गरि निदानको व्यवस्था गरिने छ ।

७.२५ नगरपालिकामा आयुर्वेद सेवा साथै बैकल्पिक चिकित्सालाई प्रोत्साहन गरिनेछ । साथै योग ध्यान लगायतका साधानाहरु लाई विस्तार गरिनेछ ।

७.२६ आठबीस नगरपालिकामा संचालानमा रहेको क्षयरोग मुक्त अभियान कार्यक्रमलाई निरन्तरता दिइने छ ।

७.२७ नगरपालिकामा रहेका सबै गर्भवती महिलालाई क्याल्सियम निःशुल्क गर्ने प्रक्रिया अगाडी बढाइने छ ।

७.२९ वडा अध्यक्ष संग लक्षित समूह कार्यक्रम लागु गरि सबै गर्भावति महिलाहरुलाई किटजन्य झुलहरु वितरण गरिने छ ।

७.३० नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाको सार्वजनिक सुनुवाई सम्पन्न गरि स्वास्थ्य सेवा थप गुणस्तर कायम गरिनेछ ।

७.३१ नगरपालिका भित्रबाट उत्पादित फोहोरलाई आठबीस नगर उद्योग वाणिज्य संघको सहकार्यमा सबै पसल वा घरबाट निस्किने फोहोर गल्ने र नगल्ने जलाएर नष्ठ गर्ने छुट्टाछुट्टै भाडाको व्यवस्था गरि सहि ठाँउमा विर्षजन गर्ने व्यवस्था गरिनेछ ।

७.३२ स्वास्थ्य क्षेत्रमा काम गर्ने सबै साझेदारी सस्थालाई उचित काम गर्ने वातावरण बनाई ६/६ महिनामा समन्वयन बैठकको आयोजना गरिनेछ ।

७.३३ स्वास्थ्यकर्मीहरुको क्षमता विस्तारको लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

७.३४ समुदायमा कामगर्दै आइरहुन भएका उमेर तथा शारिरिक अस्वस्थता भएमा रु ३० हजार रुपैया नगद सहित सम्मान गरिने व्यवस्था गरिनेछ ।

## ८. शिक्षा नीति

८.१ शसर्त अनुदान अन्तर्गतका शिक्षा क्षेत्रका कार्यक्रमहरुलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

८.२ भुगोल आवश्यकता र शिक्षक विद्यार्थि अनुपातका आधारमा विद्यालय मर्जर तथा शिक्षक दरबन्दी मिलान र तह मिलान गरिनेछ ।

८.३ यस आठबीस नगरपालिका क्षेत्र भित्र संचालन भएका सामुदायिक विद्यालयको क्रमस माध्यामिक विद्यालय र आधारभूत विद्यालयमा नेपाल सरकारबाट स्वीकृत एउटै प्रकारको रङ्गरोगन प्रयोग कार्यलाइ निरन्तर गरिनेछ ।

८.३ SEE परिक्षामा उत्कृष्ट अंक ल्याउने विद्यार्थिलाई उच्च शिक्षा अध्ययनको लागि रु ५००००।–(अक्षरेपी पचास हजार मात्र) र विद्यालयलाई प्रोत्साहनको स्वरुप रु. १०००००। –(अक्षरेपी एक लाख मात्र) प्रदान गर्ने कार्यक्रम निरन्तर गरिनेछ ।

८.४ शैक्षिक गुणस्तर वृद्धिको लागी प्रत्येक बिद्यालयले बिद्यालय स्तरको बार्षिक बिद्यालय सुधार कार्ययोजना र नगरले बार्षिक नगर शिक्षा सुधार कार्ययोजना तयार गरी कार्यान्वयनमा गर्ने कार्यलाई निरन्तर गरिनेछ ।

८.५ विद्यालयको नियमित अनुगमन र नियमनलाइ थप प्रभावकारी बनाइनेछ ।

८.६ प्राकृतिक विपद, महामारी लगायतका समयमा बालबालिका, शिक्षक तथा अभिभावकमा देखिने डर, त्रास लगायतको मनोसामाजिक समस्यालाई सम्वोधन गरी पूर्ववत अवस्थामा ल्याउनको लागि जनशक्तिको विकास र परिचालन गरिनेछ ।

८.७ विपद्को अवस्थामा प्रभावित व्यक्तिहरुका लागि प्राथमिक मनोवैज्ञानिक सहयोग तथा विद्यालयस्तरमा समूहमा बेहोस हुने वा मास कन्भसन डिसअडरको व्यवस्थापनको लागि सम्बन्धित वडाहरुमा रहेका स्वास्थ्यसंस्थाको समन्वयमा दुर्त प्रतिकार्य टोलीको नियमित क्षमता अभिवृद्धि गरि यथासक्य छिटो सेवा प्रवाह गरिनेछ ।

८.८ बालबालिका तथा किशोरकिशोरीको मानसिक स्वास्थ्यको बारेमा शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति र अभिभावक-शिक्षक संघका सदस्यलाई अभिमुखीकरणको ब्यवस्था मिलाउने र किशोर किशोरी आत्महत्या न्युनिकरणका लागी सचेतना कार्यक्रम संचालन गरिनेछ ।

८.९ विद्यालयका पुराना भौतिक संरचनाहरु सुधार गर्दै नयाँ संरचनाहरु सबैको पहुँचयुक्त निर्माण गर्न पहल गरिनेछ ।

८.१० आठबीस नगरपालिकाको शैक्षिक क्रियाकलापहरूलाई प्रभावकारी बनाउन प्रत्येक महिना घुम्ती प्रधानाध्यापक बैठक सञ्चालन गरिनेछ ।

८.११ स्थानीय पाठ्यक्रम **हाम्रो आठबीस दरा** कार्यान्वयनका लागि कक्षा १ देखि ३ सम्मको परिमार्जन र कक्षा ४ देखि ८ सम्मको पाठ्यपुस्तक तयार गरी विद्यालयहरूमा वितरण गरिनेछ ।

८.१२ विद्यालयमा शैक्षिक सुशासन कायम गर्न तथा विद्यार्थीको सिकाइ उपलब्धी वृद्धि गर्न प्रधानाध्यापकसँग कार्यसम्पादन करार गरिनेछ ।

८.१३ शिक्षकको पेशागत विकासमा सहयोग पुग्ने क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

८.१४ आधारभूत तह कक्षा ५ आधारभूत तह (कक्षा- ८)उत्तीर्ण परीक्षाको परीक्षालाई समुचित व्यवस्थापन गरिनेछ ।

८.१५ सामुदायिक सिकाइ केन्द्रका परिचालक, बाल विकास केन्द्रका सहजकर्ता, विद्यालय सहायक कर्मचारी, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको पेशागत क्षमता, नेतृत्व सीप तथा व्यवस्थापकिय क्षामता अभिवृद्धिका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

८.१६ प्रत्येक वर्ष उत्कृष्ट तहगत प्रधानाध्यापक र विषयगत शिक्षक छनौट गरी सम्मान गरिनेछ ।

८.१७ प्रारम्भिक बाल विकास सहजकर्ता नभएका विद्यालयहरूमा बाल विकास सहजकर्ताहरूको व्यवस्था गर्नका लागि आवश्यक प्रक्रिया अघि बढाइनेछ ।

८.१८ नगरपालिकाबाट विद्यार्थी मूल्याङ्कन गरी शिक्षकको कार्यसम्पादनमा जोडिनेछ ।

८.१९ प्रत्येक विद्यार्थीहरुको पोर्टफोलियो तयार गर्न लगाइनेछ ।

८.२० प्रारम्भिक बाल विकास शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी कानून तर्जुमा गरी सुव्यवस्थित गरिनेछ ।

८.२१ सामुदायिक विद्यालयको जग्गाको स्वमित्व, सम्पत्तिको अभिलेख राखी संरक्षण र व्यवस्थापन गरिनेछ।

८.२२ स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गरिनेछ ।

८.२३ सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम राख्न लेखा व्यवस्थापन तालिम र अन्तरिक लेखा परीक्षणको व्यवस्था मिलाइनेछ ।

८.२४ उद्यमशील शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र परम्परागत शिक्षाको विकासका लागि योजना तर्जुमा गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८.२५ विद्यालयको गुणस्तर अभिवृद्धि गर्नका लागि विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षकहरूको क्षमता विकासका लागि नेतृत्व सीप तथा व्यवस्थापन क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

८.२६ विद्यार्थीमा देखिने मानसिक स्वास्थ्य सम्बन्धी समस्यालाई निराकरण गर्नका लागि विद्यालयहरूमा मानसिक स्वस्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

८.२७ सबै विद्यालयहरूमा समयमै वि.व्य.स. गठन र कानूनी तथा समाजिक लेखापरीक्षण सम्पन्न हुने प्रबन्ध मिलाइनेछ ।

८.२८ बालबालिका तथा किशोर किशोरीको मानसिक स्वास्थ्यको बारेमा शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका सदस्य, अभिमुखीकरणको व्यवस्था मिलाइनेछ ।

८.३० विद्यालयमा विद्यार्थीहरुलाई दिइने दिवा खाजामा स्थानीय उत्पादनलाई प्राथमिकता दिने गरी एकरुपता ल्याइनेछ।

८.३१ नगर अनुदान शिक्षक बालविकास सहजकर्ता, कम्प्युटर शिक्षक, लेखा तथा बिद्यालय कर्मचारी ,लगायतका शिक्षक तथा बालविकास सहजकर्ताका लागि आगामी आर्थीक वर्ष देखि क्षमता विकास कार्यक्रम संचालन गरिने छ।
८.३२ नगर अनुदानमा कार्यरत शिक्षकहरुलाई पोशाक भत्ता र चाडपर्व खर्च उपलब्ध गराइने छ।

८.३३ राष्ट्रिय युवा नीति, २०७२ को भावना अनुरूप युवा विकासका लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

**९. युवा तथा खेलकुद**

९.१ खेलाडीहरुको मनोभाव उच्च बनाउनको लागि विभिन्न खेलहरु संचालन हुने गरी नगरस्तरीय मेयरकप आयोजना गरिनेछ ।
९.२ नगरभन्दा बाहिर हुने खेलकुद प्रतियोगितमा नगरको प्रतिनिधित्व गरी जाने खेलाडीहरुलाइ प्रोत्साहन गर्ने नीति लिइनेछ ।

९.३ **"राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुल"** भन्ने भनाइलाई आत्मसाथ गरी आठबीस नगरपालिका भित्र संचालित आधारभूत तथा माध्यामिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको सर्वाङ्गिण विकास गर्नका नगर प्रमुख मेयर कप रनिङ शिल्ड प्रतियोगिताको आयोजना गरीनेछ ।

९.४ गाईजात्रामा कवडहल निर्माण गरिनेछ ।
९.५ अन्तरपालिका स्तरीय नगर प्रमुख क्रिकेट भलिवल प्रतियोगिता संचालन गरिनेछ ।
९.६ नगर उप प्रमुख फुटवल प्रतियोगिता संचालन गरिने छ ।

**१०. महिला वालवालिका तथा सामाजिक समावेशिकरण**

१०.१ लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण सम्बन्धी चेतनामुक कार्यक्रमहरु संचालन गरिनेछ।
१०.२ जातिय बिभेदलाइ न्यूनिकरण गर्न बिशेष अभियान सचालन गरिनेछ ।
१०.४ नगर भित्र रहेका वालक्लवहरुलाई थप क्रियाशिल बनाउन बालकोषको स्थापना गरि परिचालन गरिनेछ ।
१०.५ अपाङ्गता भएका व्यक्तिहरुको लगत संकलन गरि आवश्यक सिप तथा क्षमतामा बृद्धि गरिनेछ ।
१०.७ सबै समुदायका महिलाहरुको न्यायमा पहुँच बढाउन कानुनी साक्षरता कार्यक्रम संचालन गरिनेछ ।
१०.८ महिला वालबालिका सँग उपप्रमुख कार्यक्रम कार्यविधि निर्माण गरी संचालन गरिनेछ । सवै प्रकारका हिंसा, विभेद तथा शोषणको अन्त्य- महिला माथि हुने घरेलु हिंसा लगायत सवै प्रकारका हिंसा विभेद र षोषणको अन्त्य गर्दै न्याय प्रणालीलाई सहज सुलभ सरल र पहुँचयोग्य वनाउनु लैङ्गिक हिंसा मानव वेचविखन ओसारपसार अपहरण लगायतका हिंसाजन्य क्रियाकलाप रोकथामका लागि प्रभावकारी समन्वय गर्दै समतामुलक समाज निर्माण तर्फ उन्मुख गरिनेछ।
१०.९ सिमान्तकृत वर्ग समुदायको आर्थिक सामाजिक सशक्तीकरण —स्वास्थ्य शिक्षा खाद्ययन्त्र आवाश रोजगारी लगायत आधारभुत आवश्यकता परिपूर्ति गर्न नसक्ने महिलाहरुलाई नगरपालिकाबाट संचालन गरिने रोजगारी तथा उपभोक्ता समितिमा अनिवार्य रुपमा कम्तिमा ४० प्रतिशत सहभागीता सुनिश्चित गरिनेछ ।
१०.१० सवै प्रकारका अपाङ्गता भएका व्यातिहरुलाई समेटने गरी विषेश कार्यक्रम संचालन गरिनेछ ।
१०.११ बालवालिकाहरुको सर्वाङ्गिण विकासको लागि क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।
१०.१२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम तथा परिक्षणलाई निरन्तरता दिईनेछ ।
१०.१३ बालकोषलाई निरन्तरता दिईदै लिइनेछ ।
१०.१४ महिला बालवालिका तथा सिमान्तकृत समुदायहरुका लागि नेतृत्व विकास र सशक्तिकरण सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।
१०.१५ किशोरीहरुको आत्म रक्षा तथा क्षमता विकासको लागि वडा तथा नगर स्तरीय बालिका संजाल गठन गरिनेछ ।

१०.१६ जोखिममा रहेका वालवालिकाहरुको पहिचान गरी विशेष संरक्षण तथा सहयोग प्रदान गरिनेछ ।
१०.१७ बालविवाह तथा बालश्रममुक्त नगरपालिका निर्माणको लागि आवश्यक श्रोत साधनको परिचालन तथा कार्यक्रम संचालन गरिनेछ ।

१०.१८ सवै प्रकारका हिंसा, विभेद तथा शोषणको अन्त्य- महिला माथि हुने घरेलु हिंसा लगायत सवै प्रकारका हिंसा विभेद र षोषणको अन्त्य गर्दै न्याय प्रणालीलाई सहज सुलभ सरल र पहुँचयोग्य वनाउनु लैङ्गिक हिंसा मानव वेचविखन ओसारपसार अपहरण लगायतका हिंसाजन्य क्रियाकलाप रोकथामका लागि प्रभावकारी समन्वय गर्दै समतामुलक समाज निर्माण तर्फ उन्नमु गरिने छ। साथै महिलाहरुको सर्वाङ्गीण उत्थान तथा सबलिकरणमा विशेष ध्यान दिईनेछ । साथै महिला , बालबालिका माथि हुने घरेलु हिंसा अन्त्यका लागि समूदाय स्तरमा बहस , पैरवी तथा सचेतनामूलक अभियान कार्यक्रमहरु संचालन गरिनेछ।

१०.१९ सिमान्तकृत वर्ग समुदायको आर्थिक सामाजिक सशक्तीकरण –स्वास्थ्य शिक्षा खाद्ययन्न आवाश रोजगारी लगायत आधारभुत आवश्यकता परिपूर्ति गर्न नसक्ने महिलाहरुलाई नगरपालिकाबाट संचालन गरिने रोजगारी तथा उपभोक्ता समितिमा अनिवार्य रुपमा कम्तिमा ४० प्रतिशत सहभागीता सुनिशिच्त गरिने छ ।

१०.२० महिलाहरुलाई आत्म निर्भर वनाउन व्यवसायीक सिपमुलक तालिम प्रदान गरि स्वरोजगार उन्नुमख गराईने छ ।

१०.२१ जेष्ठ नागरिकहररुको आत्मसम्मान अभिवृद्दि गर्नको लागि विषेश कार्यक्रम (न्यानो लुगा तथा प्रत्क्षय रुपमा सहयोग पुग्ने अन्य सामाग्री तथा सहयोग) का कार्यक्रमहरु संचालन गरिने छ ।

१०.२२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम तथा परिक्षणलाई निरन्तरता दिईनेछ ।

१०.२३ महिलाहरुलाई समूहमा आवद्द गरी सामूहिक रोजगार तथा वचतको माध्यामबाट जिवनस्तर सुधारमा टेवा पुर्याईने छ ।

१०.२४ महिला बालवालिका तथा सिमान्तकृत समुदायहरुका लागि नेतृत्व किकास र सशक्तिकरण सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

१०.२५ महिला बालवालिका तथा सिमान्तकृत समुदायहरुका लागि नेतृत्व किकास र सशक्तिकरण सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

१०.२६ लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको पहिचान गरी समान्नजनक जीवनयापन तथा सामाजिक समावेशीकरणको लागि प्रत्क्षय रुपमा टेवा पुग्ने कार्यक्रम संचालन गरिने छ

१०.२७

१०.२८ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लागि नीति तर्जुमा गरिने छ ।

१०.२९ सामाजिक कुरिति , हानिकारक अभ्यास र कुसंस्कार विरुद्द अभियानात्मक र प्रचारात्मक कार्यक्रमहरु संचालन गरि समृद्द न्याय र समतामूलक समाज निर्माण तर्फ उन्मुख गराईनेछ।

१०.३० नगर तथा वडास्तरीय बालिका संजाल गठन गरिनेछ।

१०.३१ महिलाहरुको शसक्तिकरणको लागि व्युटिसियन तालिम, अर्गानिक घरेलु अचार वनाउने, बुटिक आदी कार्यक्रमहरु संचालन गरिनेछ

**११. पूर्वाधार बिकास नीति**

११.१ आठबीस नगरपालिकाको आवधिक योजना, मध्यमकालिन खर्च संरचना र राजश्व सुधार कार्ययोजना तयार गरी लागू गरिनेछ ।

११.२ आठबीस नगरपालिकाको सडक गुरुयोजना तयार गरी लागू गरिनेछ ।

११.३ बिधुतिकरणका लागी सरोकारवालासँग आवश्यक सहकार्य साझेदारी समन्वय गरी आगामी आर्थिक वर्ष २०८२।०८३ भित्र नगरपालिकाका सबै वडाहरुमा विधुत विस्तार गरिनेछ ।

११.४ यस आठबीस नगरपालिकाका बजार क्षेत्रहरुबाट संकलन हुने फोहोरमैला व्यवस्थापनको लागि उपयुक्त स्थान पहिचान गरी डम्फिङ्ग साइटको व्यवस्था गरिनेछ ।

११.६ सडक तथा यातायात बिस्तार गर्दा पानीका मुहान वनजंगल प्राकृतिक श्रोत धार्मिक स्थल विस्थापित नहुने गरी वातावरणमैत्री सडक निर्माण गरिनेछ ।

११.७ आठबीस नगरपालिका क्षेत्र भित्र निर्माण गरिने सम्पूर्ण सबै किसिमका पूर्वाधार निर्माण गर्दा फरक क्षमता भएका ब्यक्ति र जेष्ठ नागरीकको पहुँच सुनिश्चित हुने गरी ब्यवस्था गरिनेछ ।

११.८ शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२ पूर्ण पालनामा जोड दिदै घरजग्गा नक्सापासको कार्य संचालन गरिनेछ ।

११.९ नगरपालिका क्षेत्र भित्र निर्माण हुने सम्पुर्ण घरहरुको नक्सा पास अनिवार्य गरि घर बनाउने अनुमति प्रदान गरिनेछ ।

११.१० नगरको सबै वडाहरुमा ठुला योजनाहरु सडक र खानेपानी सिचाई लगायतका पूर्वाधार निर्माणका लागी आवश्यकता अनुसार विस्तृत परियोजना प्रतिवेदन (DPR) र वातावरणीय प्रभाव मुल्याँकन (IEE) निर्माण गरी व्यवस्थित रुपमा संचालन गरिनेछ ।

११.११ आफ्नै वडा कार्यालय भवन नभएका वडाहरुमा आगामी आर्थिक वर्ष भित्र भवनहरु निर्माण गरी सेवा प्रदान गरिनेछ ।

११.१२ संघीय सरकार प्रदेश सरकार अन्य साझेदार संघ संस्थाहरुको सहयोगमा निर्माण हुने योजना तथा कार्यक्रममा लागत साझेदारी/ सहभागितामा योजना कार्यन्वयन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११.१४ विकास निर्माणको काममा जनसहभागिताको माध्यमबाट अपनत्व वृद्धि गर्न टोल बिकास सस्थाको अवधारणा अवलम्बन गरिनेछ ।

११.१५ पुर्वाधार निर्माणमा अनिवार्य ठेक्का गर्नुपर्नेबाहेक अन्य सम्पुर्ण निर्माण कार्य उपभोक्ता समितिमार्फत संचालन गरिनेछ ।

११.१६ नगरपालिकाको प्रशासकीय भवनको निर्माण कार्य छिटो सम्पन्न गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

११.१७ नगरपालिकाको आकस्मिक मर्मत सम्भारका लागि “नगर प्रमुख पुर्वाधार विकास कार्यक्रम” संचालन गरिनेछ ।

११.१८ आठवीस नगरपालिका वडा नं ८को जैमले खोलादेखि चाकपाडा गाउँपरि हुदै लुतमुग्रा धारा सम्म मानव निर्मित सडक निर्माण गरिनेछ ।

११.१९ मौलाडाडा देखि गोठी मालिका सम्म रेलिङ्ग सहितको पक्कि सिढी निर्उमाण गर्न पहल गरिनेछ ।

## १२. संञ्चार तथा सुचना सम्बन्धी नीति

१२.१ आठबीस नगरपालिकाका सबै वडाहरुमा इन्टरेट विस्तारको लागि सेवा प्रदायक सँग आवश्यक समन्वय गरिनेछ ।

१२.१ आठबीस नगरपालिकाको डिजिटल नगर प्रोफाइल निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१२.२ नागरिकको सूचना पाउने हकलाई पूर्णरुपमा प्रत्याभुति दिने गरी सूचनाको हकलाई व्यवहारिक रुपमा प्रयोगमा ल्याइनेछ ।साथै नागरिकको सुचना माग्ने र सूचना पाउने हकलाइ सुरक्षित गर्दै सूचना प्राप्ती गर्ने कार्यमा सहजता ल्याइनेछ ।

**१३. वन, वातावरण तथा विपद् व्यवस्थापन**

१३.१ वाढी पहिरो नियन्त्रणका लागि वृहत गुरुयोजना निर्माण गरिनेछ ।

१३.२ विद्यालय तथा समुदायमा विपद् पुर्व तयारी तथा जलवायु परिवर्तन सम्बन्धी संचेतना कार्यक्रम संचालन गरिनेछ ।

१३.३ विपद् जोखिम न्यूनिकरण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम संचालनका लागि विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग समन्वय गरिनेछ ।

१३.४ नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनका कारण उत्पन्न विपद् जोखिम न्युनिकरणका लागि पुर्व तयारीमा जोड दिइनेछ ।

१३.५ पहिरोको उच्च जोखिम भएका ठाँउहरुमा बृक्षारोपण तथा वायोइन्जिनियरिङ्गमा जोड दिइनेछ ।

१३.६ प्रत्येक वडामा कम्तिमा ५० हजार र नगरपालिकामा २० लाखको विपद् व्यवस्थापन कोष स्थापना कार्यलाई निरन्तरता दिइनेछ ।

१३.७ कर्णाली नदिको कटान नियन्त्रण गर्नका लागि तटबन्धन निर्माण कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

१३.८ पानीका मुहान तथा धाराहरु संरक्षण गरिनेछ ।

१३.९ सितल पातल वन संरक्षणका लागि आवश्यक पहल गरिनेछ ।

१३.१० यस नगरपालिकाको क्षेत्र भित्रका प्राकृतिक जलाशयमा विनासकारी विधि (विष, विधुतिय करेन्ट र विष्फोटक पदार्थ) को प्रयोग गरी जलचर समात्ने र मार्ने कृयाकलाप बढ्दै गएकाले यस्ता कार्यलाई नियमन गर्न यस नगरपालिकाले जलचर तथा जलिय जैविक विविधता संरक्षण ऐन २०८० को प्रभावकारी कार्यन्वयनमा जोड दिने र यसको प्रभावकारी कार्यन्वयका लागि सामुदायिक जलचर संरक्षण समुह गठन गरी परिचालन गर्दै सचेतना अभिबृद्धिका लागि कृयाकलापहरु संचालन गरिनेछन ।

**<u>१४.सार्वजनिक सेवा तथा सस्थागत क्षमता</u>**

१४.१ कर्मचारीको कार्य सम्पादनलाई वस्तुगत र प्रभावकारी वनाउन  नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र सबै शाखा प्रमुखहरु विच कार्यसम्पादन सम्झौता तयार गरी लागू गरिनेछ ।

१४.२ नगरपालिका र वडा बाट प्रदान गरिने सेवाहरुको सम्बन्धमा सुसुचित गर्न प्रत्येक वडाको पायक पर्ने स्थानमा नागरीक वडा पत्र राखिनेछ । साथै नगरपालिकाबाट प्रदान गरिने सेवाहरुको सम्बन्धमा जानकारी गराउनका लागि बिद्यालयहरुमा जनचेतना कार्यक्रम संचालन गरिनेछ ।

१४.३ नगरपालिका र अन्तर्गतका निकायहरु बाट प्रदान गरिने सेवाहरुलाई सूचना प्रविधिमैत्री बनाइनेछ ।

१४.४ कर्मचारीको मनोवल उच्च वनाइ कार्य सम्पादनमा प्रभावकारीता ल्याउन कर्मचारीलाइ प्रोत्साहन गर्ने र नगरमा कार्यरत अस्थायी तथा करार कर्मचारीहरुका लागि कल्याणकारी कोषको व्यवस्था लाई निरन्तरता दिइनेछ ।

१४.५  जनप्रतिनिधि र कर्मचारीको क्षमता विकासका लागी आवश्यक तालिम, अध्यायन तथा अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।

१४.६ जवाफदेहिता र पारदर्शिता कायम गर्न नगरपालिका र अन्तर्गतका निकायहरु बाट प्रवाह गरिने सेवा तथा आयोजनाहरुको सबै वडाहरुमा तथा नगरपालिकामा वार्षिक समिक्षा र सार्वजनिक सुनुवाइ कार्यक्रम प्रभावकारी बनाइनेछ ।

१४.८ राष्ट्रिय परिचयपत्र, पञ्जिकरण र सामाजिक सुरक्षलाई थप व्यवस्थित र प्रविधिमैत्री बनाइनेछ ।

१४.९ यस आठबीस नगरपालिकामा कार्यरत अस्थायी तथा करारका कर्मचारीहलाइ सामाजिक सुरक्षा कोषमा समावेश गरिनेछ ।

१४.२० यस नगरपालिकामा निर्माण भएको नगर सडक गुरुयोजनालाई समायनुकल परिमार्जन गरिनेछ ।

१४.२१ नगरपालिकाको समग्र विकासको लागि नगर प्रोफाइललाई अध्यावधिक गरिनेछ ।

१४.२२ नगरपालिकामा निर्माण हुन बाँकि रहेका नगरको आवशधिक योजना, मध्यकालिन खर्च संरचना र राजस्व सुधार कार्य योजना निर्माण गरिनेछ ।

**१५.साझेदार सस्था सम्बन्धी नीति**

१५.१ नगरपालिकाबाट संचालन गरिने आयोजना तथा कार्यक्रममा आवश्यकता अनुसार साझेदारी गरिने नीति लाइ निरन्तरता दिइनेछ ।

१५.२ नगपालिकाको समग्र विकासका लागी क्रियाशिल साझेदार संघ सस्थाहरुलाई विकास साझेदारको रुपमा लिइनेछ ।

१५.४ साझेदार निकायबाट संचालित कार्यक्रमको अनुगमन मुल्याँकन तथा सुपरिवेक्षण गर्ने नीति लिइनेछ ।

**आदरणीय सभाध्यक्ष एंव सभा सदस्य ज्यूहरु**

अब म आ व २०८२/०८३ का लागी राजस्व तथा व्ययको अनुमान प्रस्तुत गर्दछु ।

उल्लिखित नीति तथा कार्यक्रमहरु प्राथमिकताका आधारमा कार्यन्वयन गर्नका लागी नगरपालिकालाई नेपाल सरकार र प्रदेश सरकारकाट प्राप्त बजेट तथा नगरको आन्तरिक आय समेतलाई आकलन गरी आ.व. २०८२/८३ का लागि निम्नानुसारको बजेट तर्जुमा गरिएको छ ।

**आय तर्फ**

आगामी आर्थिक वर्षमा आन्तरिक आय तर्फ अल्या सहित रु १ करोड प्रक्षेपण गरिएको छ । त्यसै गरि संघीय सरकारको वित्तिय समानिकरण अनुदान रु ११ करोड ७० लाख, संघीय सरकारको समपुरक अनुदान रु १ करोड, विशेष अनुदान रु. ८५ लाख संघीय सरकारको राजस्व बाडफाँड मार्फत प्राप्त हुने रकम रु १० करोड ८७, संघीय सरकारको सर्शत अनुदान रकम रु २३ करोड ४७ लाख, प्रदेश सरकारको शसर्त अनुदान ७ करोड २८ लाख ७८ हजार र प्रदेश सरकारको राजश्व वाँडफाड रु २४ लाख ११ हजार ४ सय ५७ रुपैया ७८ पैसा रहेको छ ।नगरपालिकाको आन्तरिक आय १ करोड प्रक्षेपण गरिएको छ ।

**व्यय तर्फ**

आय तर्फ प्रक्षेपण गरिएको रकम बमोजिम आगामी आर्थिक वर्षमा चालु र पुजिगत तर्फ रु ५५ करोड ८८ लाख ६१ हजार ५ सय ८५ रुपैया ७८ पैसा विनियोजन गरेको छु ।

**आदरणिय सभाध्यक्ष तथा सभा सदस्यज्यूरु**

माथि उल्लिखित पुँजिगत खर्चलाई स्थानीय तहको बजेट तथा योजना तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित) बमोजिम आर्थिक बिकास, सामाजिक बिकास, भौतिक पूर्वाधार, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकासको क्षेत्रमा आवश्यक रकम विनियोजन गरिनेछ ।

**आदरणीय सभाध्यक्ष तथा सभा सदस्यज्यूहरु**

प्रस्तुत नीति, कार्यक्रम र बजेट प्रभावकारी कार्यन्वयनबाट **"समृद्ध आठवीस सुखि आठवीस बासी"** हुने तर्फ हामी उन्मुख हुन्छौ भन्ने विश्वास लिएको छु । बजेट कार्यान्वयनमा नगरकार्यपालिकाका प्रमुखज्यू, सदस्यज्यूहरु, नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु लगायत सम्बन्धित सरोकारवाला व्यक्ति तथा संस्थाहरुको समेत महत्वपूर्ण भुमिका रहने विश्वास लिएको छु । अन्तमा आठवीसको समग्र विकासमा योगदान गर्ने राजनितिक दल, राष्ट्रसेवक कर्मचारी, नीजि सहकारी र समुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, संन्चार जगत लगायत सम्पूर्ण दिदिबहिनी दाजुभाई तथा विकास साझेदार सस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

कल्पना कुमारी थापा
उप प्रमुख एवं नीति कार्यक्रम तथा बजेट तर्जुमा समिति संयोजक
आठबीस नगरपालिका, दैलेख